नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त
सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
CDS and Clearing Limited

पत्र संख्या : २०७४/७५ —७१
चलानी नं. : ३०५

# प्रेस विज्ञप्ति

सि-आस्बा पूर्ण रुपमा लागू हूने मिति नजिकिदैं गरेको सन्दर्भमा केहि लगानिकर्ताहरुमा सि-आस्बा मार्फत् आवेदन गर्न कै लागि "मेरो शेयर" आबश्यक रहेको वा सो सेवा लिनका लागि थप शुल्क लाग्ने भन्ने गलत बुझाई रहेको पाईएकोले सम्पूर्ण लगानीकर्ता तथा सरोकारवाला निकायहरुका लागि यो सूचना जारी गरिएको छ ।

नेपाल धितोपत्र बोर्डबाट **धितोपत्रको खरिद (सार्वजानिक निष्काशन) सम्बन्धी निर्देशिका,२०७३** मार्फत् लागू गरिएको आस्बा प्रणालीलाई थप व्यवस्थित, सर्वसुलभ र चुस्त पार्ने उद्देश्यले यस लि. ले सि-आस्बा प्रणाली निर्माण गरी **"धितोपत्रको सार्वजानिक निष्काशनको केन्द्रीकृत विद्युतिय सेवा सम्बन्धी कार्य संचालन निर्देशिका, २०७४"** को कार्यान्वयन मिति २०७४ माघ ९ गते बाट गरिएकोमा नेपाल धितोपत्र बोर्डको निर्देशानुसार उक्त समयावधि एक महिनाको लागि थप गरी कार्यान्वयनको मिति २०७४ फाल्गुण ११ गते तोकिएको छ ।

सि-आस्बा प्रणाली भनेको आस्बा सम्बन्धी सेवा प्रदान गर्ने सम्पूर्ण बैंक तथा वित्तीय संस्थालाई एकै केन्द्रीकृत प्रणालीमा आबद्ध भै लगानीकर्ताको हितग्राहि खाता (DEMAT ACCOUNT) तथा बैक खाताको विवरण रुजु गरी रुजु भएका लगानीकर्ताको आवेदन मात्र प्रबिष्टी गर्ने प्रणाली हो । बैंक तथा वित्तीय संस्थाले लगानीकर्ताको हितग्राहि खाता रुजु गरेपछि प्रत्येक लगानीकर्ताको लागि सि-आस्बा रजिष्ट्रेशन नम्बर (CRN) प्रदान गर्नेछन् । अब उप्रान्त आफ्नो खाता रहेको बैंकवाट CRN नम्बर प्राप्त गरेका लगानीकर्ताले मात्र खरिद आवेदन दिन सक्ने छन् । यसरी CRN नम्बर प्राप्त गरेका लगानीकर्ताले घरमै बसेर इन्टरनेटको माध्यमबाट वा बैंकमा उपस्थित भै भौतिक फारम भरेर खरिद आवेदन दिन सक्नेछन् ।

लगानीकर्ताले घरमै बसेर इन्टरनेटको माध्यमबाट खरिद आवेदन दिन चाहेको खण्डमा इन्टरनेट ठेगाना https://meroshare.cdsc.com.np मा लग इन गरेर **मेरो शेयर** मार्फत् आवेदन दिन सकिनेछ । मेरो शेयरको सेवा आफ्नो डिम्याट् खाता रहेको निक्षेप सदस्य मार्फत् धितोपत्र केन्द्रीय निक्षेप सेवा विनियमावली, २०६८ (दोस्रो संसोधन, २०७३) अनुसारको शुल्क रु.५० ।- तिरेर लिन सकिन्छ । **मेरो शेयर** को सेवा सि-आस्बा मार्फत् आवेदन दिनका लागि मात्र नभई लगानीकर्ताले आफ्नो हितग्राहि खातामा रहेको शेयरको मौज्दात हेर्ने, आफ्नो शेयरको पोर्टफोलियो हेर्ने, शेयर धितो बन्धकीमा रहेको विवरण हेर्ने तथा आफ्नो खातामा भएको कारोबारको विवरण हेर्ने सुबिधा प्रदान गर्न तयार गरिएको हो । कुनै पनि लगानीकर्ताले मेरो शेयर प्रयोग नगर्दैमा सि-आस्बा सेवा प्रयोग गर्नबाट बन्चित हुनुपर्दैन । मेरो शेयर प्रयोग नगर्ने लगानीकर्ताले आफ्नो खाता रहेको बैंकको कुनैपनि शाखामा उपस्थित भएर उक्त शाखामा उपलब्ध फारम भरेर खरिद आबेदन दिन सक्नेछन् र यसरी खरिद आवेदन दिंदा कुनै पनि नयाँ शुल्क नलाग्ने ब्यहोरा जानकारी गराईन्छ ।

सि-आस्बाको कार्यान्वयन संगै अब लगानीकर्ताले आफूले CRN नम्बर प्राप्त गरेका बैंक तथा वित्तीय संस्थाका कुनैपनि शाखामा उपस्थित भै भौतिक फारम भरेर वा इन्टरनेटको माध्यमबाट मेरो शेयरको

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल ।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4238008/4216068/4240150, Fax: +977-1-4240357
Email: info@cdscnp.com, Website: www.cdscnp.com

नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त

# सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड
# CDS and Clearing Limited

पत्र संख्या : २०७४/७५
चलानी नं. :

प्रयोगबाट खरिद आबेदन दिन सक्नेछन् । CRN नम्बरको प्रयोग गरेर प्रविष्टी भएका आवेदकहरुको बिवरण रुजु भैसकेको हुने र निष्काशन तथा बिक्री प्रबन्धकलाई सम्पूर्ण आवेदकको विवरण पुनः रुजु गर्नु नपर्ने हुँदा निष्काशन बन्द भएको निकै छोटो समयमा बाँडफाँट गर्न सकिनेछ ।

तसर्थ, सम्पूर्ण लगानीकर्ताहरुलाई कुनैपनि भ्रममा नपरी आफ्नो खाता रहेको बैंकमा उपस्थित भै सि-आस्बामा आबद्ध भै CRN लिनुहुन अनुरोध गरिन्छ । साथै सि-आस्बामा आबद्ध भैसकेका बैंक तथा वित्तीय संस्थाहरुलाई तत्काल आफ्ना सम्पूर्ण शाखा मार्फत् सि-आस्बा सम्बन्धी सेवा प्रदान गर्न र आबद्ध हुने क्रममा रहेका बैंक तथा वित्तीय संस्थाहरुलाई तत्काल आबद्ध भै सेवा सञ्चालन गर्न यसै सूचना मार्फत निर्देशन दिईन्छ ।

मितिः२०७४।१०।२५

CDS and Clearing Ltd.

शेयर मार्केट्स कमर्सियल कम्प्लेक्स, पुतलीसडक, काठमाडौं, नेपाल ।
Share Markets Commercial Complex, Putalisadak, Kathmandu, Nepal.
Tel.: +977-1-4238008/4216068/4240150, Fax: +977-1-4240357
Email: info@cdscnp.com, Website: www.cdscnp.com